# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३१६ } २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या ०७७/७८
च.नं. ३२३९

मिति: २०७८/०३/२७

श्री उच्च अदालतहरु सबै
श्री उच्च अदालतका इजलासहरु तथा अस्थायी इजलासहरु सबै
श्री जिल्ला अदालत सबै
श्री अन्य अदालत तथा न्यायाधिकरणहरु सबै

विषय: आर्थिक वर्ष २०७८/०७९ को वार्षिक कार्य योजना निर्माण सम्बन्धमा।

न्यायापालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्य: ४ "अदालत व्यवस्थापनको सुदृढीकरण" अन्तर्गत "योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउने" रणनीतिक उद्देश्य (४.६) ले मूल योजनाको दायराभित्र रही सबै अदालतहरुको आ-आफ्नो वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थाबमोजिम सबै अदालत/न्यायाधिकरणहरुको आर्थिक वर्ष २०७८/०७९ को लागि वार्षिक कार्य योजना तर्जुमा र कार्यान्वयन गर्नका लागि आवश्यक निर्देशनसहितका *फारामहरु* तयार गरी सर्वोच्च अदालतको वेवसाइटमा राखिएको छ। सम्बन्धित अदालतमा इमेल मार्फत समेत पठाइएको छ। फारमहरुमा दिइएका मार्ग निर्देशनसमेतका आधारमा योजनाले निर्धारण गरेको लक्ष्य र कार्यसम्पादन सूचकबमोजिम सम्बन्धित अदालतले आफ्नो वार्षिक कार्य योजना तयार गरी २०७८ साल श्रावण १५ गते भित्र सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखामा प्राप्त हुने गरी पठाउनु हुन २०७८।०३।२५ गतेको निर्णय अनुसार यो पत्राचार गरिएको छ। अतः पत्र प्राप्त भएपछि देहायबमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो अदालतको वार्षिक कार्य योजना तर्जूमा गरी सर्वोच्च अदालतमा पठाउनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

देहायः-

१. चालु आर्थिक वर्षमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण लागू भएको निषेधाज्ञाको कारणले २०७७ साल साउन देखि असोजसम्म र २०७८ वैशाख १६ गतेदेखि असार मसान्त

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३१७, ४-२६२३१८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४, २६०५, २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या
च.नं.

सम्म अदालत तथा न्यायाधिकरणहरुको मुद्दा फछ्र्यौट लगायतका काम कारवाहीमा असर परेको हुँदा कार्य सम्पादन मूल्यांकन गर्दा उक्त कोभिड-१९ को प्रभाव समेतलाई ध्यानमा राखी विश्लेषण गर्नुहोला।

२. मुद्दा र रिटतर्फ: आगामी आर्थिक वर्षको नयाँ दर्तातर्फको वार्षिक लक्ष्य निर्धारण गर्दा देहायबमोजिम गर्नु होला।

- गत ३ (तीन) आर्थिक वर्षको नयाँ दर्ता संख्या जोडी त्यसको औसत संख्यामा १५% थप गरी हुन आउने संख्यालाई वार्षिक नयाँ दर्ताको लक्ष्य कायम गर्ने।
- त्यसरी कायम हुन आउने नयाँ दर्ता संख्यालाई फरक मुद्दा व्यवस्थापन पद्धति अनुसार सरल मार्गमा ६० प्रतिशत, सामान्य मार्गमा ३० प्रतिशत र विशेष मार्गमा १० प्रतिशत पर्ने गरी अनुमान गर्ने।
- **निवेदन प्रतिवेदन, फैसला कार्यान्वयनतर्फ:** आगामी आर्थिक वर्षमा नयाँ दर्ता हुन सक्ने संख्या अनुमान गर्दा विगत तीन आर्थिक वर्षमा नयाँ दर्ता भएको औसत संख्यामा न्यूनतम १५% ले वृद्धि गरी नयाँ दर्ता हुने निवेदन प्रतिवेदन, फैसला कार्यान्वयनसँग सम्बन्धित कैद, जरिवाना, सरकारी बिगो र फैसला कार्यान्वयनको निवेदनहरुको संख्या अनुमान गर्नु होला। साथै आफ्नो परिवेश समेतलाई विचार गरी सो भन्दा बढी प्रतिशत थप गरी नयाँ दर्ता हुन सक्ने लगत अनुमान गर्न बाधा पर्ने छैन।

३. फछ्र्यौटतर्फको लक्ष्य निर्धारण गर्दा देहायबमोजिम निर्धारण गर्नु होला।

- DCM लागू हुनुपूर्वका जिम्मेवारी सरेका मुद्दालाई चालु वर्ष (आर्थिक वर्ष २०७८/०७९) भित्र फछ्र्यौट गर्ने गरी लक्ष्य निर्धारण गर्ने।
- सरल मार्गमा जिम्मेवारी सरी आएका DCM अन्तरगतका मुद्दा एवम् नयाँ दर्ता हुने मुद्दालाई ६ महिना ननाघ्ने गरी फछ्र्यौट लक्ष्य निर्धारण गर्ने।
- सामान्य मार्गमा जिम्मेवारी सरी आएका DCM अन्तरगतका मुद्दा एवम् नयाँ दर्ता हुने मुद्दालाई १ वर्ष ननाघ्ने गरी फछ्र्यौट लक्ष्य निर्धारण गर्ने।

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खास्सा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८, ४-२६२८०१, ४२५८१२२, ४-२६२८९५, ४-२५०३१६ — २६०४, २६०५, २६०६
Email: info@supremecourt.gov.np
Email: research@supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या
च.नं.

सर्वोच्च अदालत काठमाडौं

- विशेष मार्गमा गत वर्षबाट जिम्मेवारी सरी आएका DCM अन्तरगतका मुद्दा र नयाँ दर्ता हुने मुद्दा १८ महिना ननाघ्ने गरी फछ्र्यौट लक्ष्य निर्धारण गर्ने।
- निवेदन प्रतिवेदनतर्फ दर्ता भएको १ महिनाभित्र फछ्र्यौट गर्ने गरी लक्ष्य निर्धारण गर्नुहोला।

**जिल्ला अदालतहरुको हकमा:**

- फैसला कार्यान्वयनतर्फ अन्तिम कायम भएको कैद, जरिवाना र सरकारी विगो मध्ये प्रत्येक वर्ष कम्तिमा सो वर्ष कायम हुने लगत बराबर असूल गर्ने गरी लक्ष्य निर्धारण गर्नुहोला। साथै विक्रम सम्वत् २०५५ सालसम्मका सबै दण्ड जरिवाना र सरकारी विगो असूल गर्ने गरी लक्ष्य निर्धारण गर्नुहोला।

४. कार्य योजनामा वार्षिक तथा मासिक लक्ष्यहरु निर्धारण गर्दा जिल्ला अदालतहरुले मूल योजनाको परिच्छेद ६ अन्तर्गतको रणनीतिक उद्देश्य १.१(क) र (ख) बमोजिम मुद्दा तथा १.५ बमोजिम फैसला कार्यान्वयनको वार्षिक लक्ष्य निर्धारण गर्ने तथा उच्च अदालतहरुले रणनीतिक उद्देश्य १.१(ग) र (घ) एवम् अन्य अदालत र न्यायाधिकरणहरुले रणनीतिक उद्देश्य १.१(च) बमोजिम निर्धारित फाँरामहरुको प्रयोग गरी यसमा समावेश भएका निर्देशनहरु समेतका आधारमा वार्षिक लक्ष्यहरु निर्धारण गरी सोको आधारमा मासिक लक्ष्य निर्धारण गर्नुहोला।

५. मूल योजनाले निर्देश गरे बमोजिम वार्षिक लक्ष्य निर्धारण गरेपछि वार्षिक कार्य दिन समेतको आधारमा अदालतगत, न्यायाधीशगत, इजलासगत तथा अन्य अधिकारी र शाखाहरुको वार्षिक तथा मासिक लक्ष्य निर्धारण गरी निर्धारित लक्ष्य बमोजिम कार्य सम्पादन गर्नुहोला।

६. रणनीतिक कार्यक्रमहरुको कार्यान्वयन योजना तयार गर्दा मूल योजनाको परिच्छेद ६ अन्तर्गत "लक्ष्य तथा रणनीतिक उद्देश्यहरुको कार्यान्वयन योजना" मा समावेश भएका रणनीतिक क्रियाकलापहरु मध्ये सम्बन्धित अदालत/न्यायाधिकरणसँग सम्बन्धित क्रियाकलापहरु र सम्बन्धित अदालतले आफ्नो बस्तुस्थीति विश्लेषणका क्रममा पहिचान गरेका रणनीतिक सवालहरु समेत समावेश गरी मूल

सर्वोच्च अदालत

अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४ / २६०५ / २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np

पत्र संख्या
च.नं.

योजनामा प्रयोग गरिएको ढाँचा बमोजिम हुने गरी कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्नुहोला।

७.वार्षिक कार्य योजना तर्जुमा गर्दा मुल योजनाको ढाँचासमेतलाई आधार लिई सामान्यत: देहाय बमोजिमको खण्डमा बार्षिक कार्य योजना तर्जुमा गर्नुहोला।

१) प्रारम्भिक खण्ड,

२) समीक्षा खण्ड,

३) वार्षिक तथा मासिक लक्ष्य निर्धारण,

४) लक्ष्य प्राप्तिका लागि सञ्चालन गर्नुपर्ने रणनीतिक कार्यक्रमहरुको कार्यान्वयन योजना र

५) कार्यक्रमको लागि आवश्यक बजेट प्रक्षेपण

बजेट प्रक्षेपण गर्दा मूल योजनाको ढाँचामा वस्तुनिष्ठ आधारहरु खुलाई पुष्ट्याई गर्नुहोला।

८. वार्षिक कार्य योजना तर्जुमाको लागि उच्च अदालत नियमावली, २०७३ को नियम १६६क. र जिल्ला अदालत नियमावलीको नियम ९९ बमोजिमको योजना तर्जुमा तथा कार्यान्वयन समितिका अध्यक्ष माननीय न्यायाधीश तथा अन्य अदालत तथा न्यायाधिकरणहरुले योजना हेर्ने माननीय न्यायाधीशको संयोजकत्वमा सबै तहका कर्मचारीहरुको सहभागितामा बार्षिक कार्य योजना तर्जुमा कार्य समिति गठन गरी उक्त समिति मार्फत आगामी आर्थिक बर्ष २०७८/०७९ को बार्षिक कार्य योजना तर्जुमा गरी पुर्ण वैठकबाट पास गराई कार्यान्वयन गर्नुहोला। साथै त्यसको एक प्रति सफ्टकपी अनुसन्धान तथा योजना महाशाखामा पठाउनुहोला।

९. कतिपय अदालतहरुबाट वार्षिक प्रतिवेदन तर्जुमा तथा प्रगति समीक्षा गर्दा निर्धारित फाराम बमोजिमका विवरण पूर्णरुपमा समावेश नगरी खाली पठाउने गरेको साथै केही अदालतले कार्ययोजना तर्जुमा गर्दा

सर्वोच्च अदालत
अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४, २६०५, २६०६
Email: info@supremecourt.gov.np
Email: research@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
च.न.

निर्धारित ढाँचा बमोजिम तयार नगरेको विगतको अनुभवको आधारमा आगामी आर्थिक वर्षको कार्ययोजना तर्जुमा र प्रगति समीक्षाका सम्बन्धमा देहाय बमोजिम गर्नु होला।

- मुल योजना र प्राप्त निर्देशनहरु समेतका आधारमा निर्धारित ढाँचा बमोजिम वार्षिक कार्य योजना तर्जुमा गर्नुहोला।
- लक्ष्य निर्धारण गर्दा योजनाले तोकेबमोजिमका सबै विवरण अनिवार्य रुपमा समावेश गर्नुहोला।
- गत तीन आर्थिक बर्षको प्रगति समीक्षा अनिवार्य रुपमा कार्य योजनामा समावेश गर्नुहोला।
- वस्तुस्थिति विश्लेषण खण्डमा कम्तिमा विगत तीन आर्थिक बर्षको मुद्दा तथा रिट, निवेदन प्रतिवेदन, विशेष प्रकृतिका निवेदन र फैसला कार्यान्वयन तर्फ (निवेदन, कैद जरिवाना, सरकारी विगो) को लक्ष्य र प्रगतिको विवरण तुलनात्मक रुपमा देखिने गरी उल्लेख गरी कार्यप्रगतिको विश्लेषण गर्नुहोला।
- निर्धारित वार्षिक तथा मासिक लक्ष्यहरुको आवधिक रुपमा प्रगति समीक्षा गरी समीक्षा प्रतिवेदनहरु अनिवार्य रुपमा अनुसन्धान तथा योजना महाशाखामा पठाउने गर्नुहोला।

१०. वार्षिक कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरी न्यायाधीश तथा कर्मचारीको बीचमा छलफल गराई अन्तिम रुप दिई सम्बन्धित अदालतको पूर्ण बैठकबाट अनुमोदन गराई इलेक्ट्रोनिक प्रति सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाको इमेल research@supremecourt.gov.np र मूल प्रति (Hard Copy) सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखामा यथाशीघ्र पठाउनुहोला।

११. अन्य अदालत तथा न्यायाधिकरणहरुको हकमा यस वर्ष कार्ययोजना तर्जुमा सम्बन्धमा कुनै परिवर्तन नगरिएको हुँदा गत वर्षको मार्ग निर्देशन र सर्वोच्च अदालतको वेवसाइटमा राखिएका फारामका ढाँचाहरू बमोजिम नै कार्ययोजना तर्जुमा गरी पठाउनुहोला।

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ २६०४
४-२६२८०१, ४२५८१२२ २६०५
४-२६२८९५, ४-२५०३१६ २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या
च.नं.

१२. कार्य योजना तर्जुमा, गत आर्थिक वर्षको समीक्षा र वार्षिक तथा मासिक लक्ष्य निर्धारण गर्दा कुनै द्विविधा परेमा अनुसन्धान तथा योजना महाशाखाका उपरजिस्ट्रार श्री ठाकुरप्रसाद पौडेल (मोवाइल नं. ९८४८०२३७३९) वा महाशाखाको फोन नं. ०१-४२००७२२ मा सम्पर्क गर्नुहोला।

२०६८।३।२०

विमल पौडेल
सह रजिस्ट्रार
अनुसन्धान तथा योजना महाशाखा